सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ७ ♦ अंक १५१ ♦ २०८० साल फागुन ९ गते बुधवार ♦ 21 Feb 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

**विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।**

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

## वीरगञ्ज महानगरमा कर्फ्युमा नै प्रदर्शन, २१ जना पक्राउ

**खबर दर्पण समाचारदाता**

**फागुन ८ गते, बिरगंज**

मधेश प्रदेशको एकमात्र वीरगञ्ज महानगरपालिकामा लगाइएको कर्फ्यु उल्लंघनगर्दै मंगलवार प्रदर्शन भएको छ । कर्प्यु उल्लंघनगर्दै प्रदर्शन गर्ने प्रदर्शनकारीहरु मध्ये प्रहरीले २१ जनालाई नियन्त्रणमा लिएको छ। जिल्ला प्रहरी कार्यालय पर्साले कर्फ्यु उल्लंघन गर्नेहरु मध्ये २१ जनालाई नियन्त्रणमा लिएको पुष्टि गरेको छ ।उनीहरु १० बजे राती सम्म रिहा भएका छैनन् । जिल्ला प्रशासन कार्यालय पर्साले लगाएको कफ्यु मंगलवार बिहान खुकुलो बनाइएको थियो । प्रशासनले अप्रिय घटना नहोस भनि सोमबार देखि कर्फ्यु आदेश जारी गरेको जनाएको छ ।



वीरगञ्जमा भएको प्रदर्शनलाई मध्य नजर गर्दै जिल्ला प्रशासन कार्यालयमा बसेको सर्वदलीय बैठकबाट विभिन्न पाँच बुँदे सहमतिगरि तनाव नवढाउन सवै पक्ष संग आग्रह गरिएको छ । बैठकमा सवै जातजाति, भाषा, धर्म, समुदाय बीचको एकतालाई अझ मजबुत बनाई नेपाली जनता बीचको सम्बन्ध एवम् एकतालाई अखण्ड राख्ने निर्णय गरिएको छ ।

एक अर्काको आस्थाको केन्द्र तथा धार्मिक स्थलहरुको सम्मान गर्दै यस्ता स्थान तथा धार्मिक स्थलहरुमा नारावाजी, जुलुस लगायतका विरोधका कार्यक्रम नगर्ने नगराउने, शान्ति सुरक्षा र अमनचयनमा खलल पार्ने किसिमका धार्मिक, सामाजिक, सांस्कृतिक सद् भाव विगार्ने एवं द्वन्द्वलाई उक्साउने प्रकारका अवाञ्छित गतिविधिहरु नगर्ने, लाठी, भाला, जुलुस निकाल्ने लगायतका क्रियाकलाप गर्ने विरुद्ध कानुन बमोजिम कारबाही गर्न प्रशासन समक्ष अनुरोध गर्ने लगायतको निर्णय भएको पर्साका सहायक प्रमुख जिल्ला अधिकारी शिव प्रसाद लम्सालले जनाएका छन् । नागरिकको सेवा सुविधालाई मध्यनजर गर्दै सोमबार अबेर राति जिल्ला प्रशासन कार्यालय पर्साले एक सूचना जारी गर्दै मंगलबार बिहान ६ बजे देखि १० बजे सम्म ४ घण्टाका लागि कर्फ्यु खुल्ला गरेको थियो ।

बिहान १० बजेदखि भने कर्फ्यू आदेश पुनः लागु गरिएको छ । कर्फ्यु आदेशको पालना नगरी टायर बालेर प्रदर्शन तथा नाराबाजी गरेको भन्दै पर्सा प्रहरीले २१ जनालाई नियन्त्रणमा लिएको जनाएको छ । नियन्त्रणमा लिएकाहरुलाई जिल्ला प्रहरी कार्यालय पर्साको निगरानीमा राखिएको प्रहरीले जनाएको छ । यता, वीरगञ्जमा २१ जनालाई समातेको विरुद्धमा नारावाजी गरेको भन्दै जनकपुरधाममा दुई जनालाई पक्राउ गरिएको थियो । पक्राउ परेकाहरुलाई छाडि सकेको धनुषाका प्रहरी निरीक्षक मित्रबन्धु शर्माले जानकारी दिए । यसैबीच मुस्लिम आयोगले जारी गरेको विज्ञप्तिमा मुसलमानहरुको धार्मिक स्थलहरुमा समाजिक सदभाव खलबलाउनेहरुले आक्रमण गरेकाले पक्राउ गरि कार्वाही गर्न माग गरिएको छ ।

## जनकपुरधामका पोखरीहरू संरक्षणको पर्खाइमा

**खबर दर्पण समाचारदाता**

**फागुन ८ गते, महेन्द्रनगर**

प्राचीन मिथिलाको राजधानी जनकपुरधामका पवित्र पोखरीहरू यतिबेला संरक्षणको पर्खाइमा छन् ।

जन्मदेखि मृत्युसम्म आवश्यक पर्ने यहाँका पोखरी फोहोरको थुप्रोले पुरिन थालेका छन् । यहाँको परम्परा अनुसार मानिस जन्मँदा पोखरीमा गएर स्नान गरेपछि शुद्ध हुने, विवाहमा गरिने मटकोर विधिका लागि पनि पोखरीबाट माटो झिकिन्छ र मानिस मरेपछि पनि मलामीले पोखरीमै स्नान गर्ने गरिन्छ तर ती पोखरीको अवस्था भने दिनानुदिन दयनीय बन्दै गएको छ । नगरको फोहोरले पोखरी



*बाँकी पृष्ठ २ मा*

**सस्तो सुलभ र गुणस्तरीय छपाइको लागि अवश्यक सम्झनु होस् ।**

# शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर,



✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प




✓ फ्लेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
✓ फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# जनकपुरधामका पोखरीहरू

पुरिने अवस्थामा पुग्दा पनि सरोकारवाला निकायको आँखा पुग्न सकेको छैन ।

जनकपुरधामलाई '५२ कुट्टी, ७२ कुण्ड' अर्थात् ५२ सन्तको आश्रम र ७२ वटा पोखरी भनेर पनि चिनिन्छ तर अधिकांश पोखरी फोहोरले भरिएर डम्पिङ साइट जस्ता भएका छन्। अतिक्रमण र सौन्दर्यीकरणको नाममा पोखरी साघुँरिँदै गएका छन्। कतिपय पोखरी लुप्त भइसकेका छन् ।

यस्तै पुरिने अवस्थामा रहेको जनकपुरधामस्थित वडा नं. ३ देवान टोलस्थित देवान पोखरी फोहोर फाल्ने स्थानका रूपमा परिणत भएको छ । पोखरी संरक्षणको नाममा बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्ले २०७१ सालमा पोखरी अतिक्रमण गरेर बनाइएका घर टहरा हटाउने अभियानमा पनि लागेको थियो तर पोखरी वरपरका घर टहरा हटाएको नौ वर्ष बित्दा पनि पोखरी भने संरक्षण हुन सकेन ।

पोखरी चिनिने भनेको पानीले हो तर देवान टोलस्थित देवान पोखरीमा पानी देखिँदैन । फोहोरको थुप्रो मात्र देखिन्छ । परिषद्ले भत्काएका घरधनीहरू त्यही वरपरका बासिन्दा नै थिए । नौ वर्षसम्म पनि पोखरी संरक्षणका लागि कुनै पहल नभएपछि भत्किएका अधिकांश घरवाला पुनः पोखरी वरिपरिको ठाउँ ओगट्ने प्रयासमा छाप्रो बनाउन थालेपछि देवान पोखरीको अस्तित्व मेटिने खतरा बढेको सोही वडाका अध्यक्ष दीपेन्द्र साहले बताउनुभयो । उहाँ भन्नुहुन्छ, "उक्त पोखरीलाई अब नमुना पोखरीका रूपमा निर्माण गर्ने योजना बनाएको छु । साता दिनभित्र पोखरी सौन्दर्यीकरणका लागि टेन्डर निकाल्ने प्रक्रिया अगाडि बढ्छ ।"

यस्तै जनकपुरधाम वडा नं. ११ तत्मा टोल छेउमा रहेको लक्ष्मण अखडा पोखरी, वडा नं. ६ स्थित दशरथ मन्दिर नजिकमा रहेको दशरथ पोखरीको अवस्था पनि उस्तै छ । पोखरी छेउछाउ दुर्गन्धित बनेको छ । वडा नं. ८ स्थित बृहत्तर जनकपुर क्षेत्र विकास कार्यालयको ठिकअगाडि रहेको कपाल मोचनी पोखरीमा छेउमै रहेको जानकी हेल्थ केयर एन्ड टिचिङ अस्पताल प्रालिको फोहोर व्यवस्थापन हुने गरेको छ । पोखरी छेउमा राखिएको ट्याक्टरको एक ट्रलीमा अस्पतालबाट निस्केका फोहोर लाई जलाएर व्यवस्थापन गर्ने गरिन्छ । अझै हावाहुरी चल्दा त्यो फोहोर उडेर सबै पोखरीमा मिसिन्छ ।

दुई वर्षअघिसम्म बृहत्तरले पोखरी संरक्षणको कार्य गर्दै आएको थियो तर दुई वर्षदेखि कुनै बजेट नआएका कारण बृहत्तरले कुनै कार्य नगरेको बृहत्तरका निमित्त कार्यकारी निर्देशक चिरञ्जीवी ढुङ्गानाले बताउनुभयो । उहाँ भन्नुहुन्छ, "बृहत्तरले गर्दै आएको कार्य अहिले थलिएको छ । सरकारले बजेट उपलब्ध नगराएपछि हाम्रो कार्यालयबाट कुनै काम गर्न सकेका छैनौं । पोखरीहरू ठेक्का लागेका छन् र ठेक्का लगाउनेले पनि पोखरीको कुनै ख्याल गरेका छैनन्। पोखरी दूषित हुने सम्भावना बढेको छ ।"

# सुर्तीजन्य पदार्थको नियन्त्रण तथा नियमन सम्बन्धि अन्तरक्रिया कार्यक्रम सम्पन्न

**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**

**फागुन ८ गते, महोत्तरी**

बर्दिबासमा सुर्तीजन्य पदार्थको नियन्त्रण तथा नियमन सम्बन्धि अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

मंगलबार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको आयोजनामा बर्दिबासको गौतम होटलमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको हो ।कार्यक्रममा सुर्तीजन्य पदार्थको सेवनबाट मानिसमा पर्ने नकारात्मक असर , नियन्त्रण र नियमनमा देखिएका समस्याहरु , स्थानीय तहको भुमिका लगायतका विषयमा अन्तरक्रिया गरिएको थियो ।

कार्यक्रममा आफ्नो मन्तव्य दिदै जनस्वास्थ्य अधिकृत रविकान्त मिश्रले सुर्तीजन्य पदार्थको नियन्त्रण एवं नियमनमा स्थानिय तह लगायत संचारकर्मीको अहम् भुमिका रहने बताए ।

उनले भने , "स्थानीय सरकार चासोपुर्ण रुपले कार्य तथा निरीक्षण गर्न आवश्यक छ । सार्वजनिक स्थलमा सुर्तीजन्य पदार्थको प्रयोग भइरहेको जानकारी प्राप्त भएमा प्रहरी प्रशासनलाई जानकारी गराउनुपर्दछ ।"साथै उनले सुर्तीजन्य पदार्थको सेवन गर्नाले नसर्ने रोग क्यान्सर जस्तो ठुलो रोगको सिकार हुनपर्ने र सार्वजनिक स्थानमा यसको प्रयोग तथा सुर्तीजन्य पदार्थको उत्पादन एवं वितरणमा कानुन उलघंन गरेमा कानुन बमोजिम कार्वाही हुने र एक लाख सम्मको जरिवाना हुनसक्ने जानकारी दिए ।

धूम्रपान तथा सुर्ती सेवन गर्नाले हृदयाघात, क्यान्सर जस्ता रोग निम्तिने र फोक्सो र श्वासप्रश्वास सम्बन्धी समस्या सिर्जना हुने लगायत विभिन्न समस्याहरु सिर्जना हुने भएकोले यसलाइ नियन्त्रण गर्न आवश्यक रहेको र त्यसको लागि विद्यालय , अभिभावक , शिक्षा तथा स्वास्थ्य कार्यालय लगायत




संचार क्षेत्र सचेतना जगाउनु आवश्यक रहेको सहायक प्रमुख जिल्ला अधिकारी उपेन्द्र न्यौपानेले बताए ।

अहिलेको परिस्थितिमा पनि युवा, महिला तथा बालबालिकाहरु यसको कुलतमा परेकाले उनिहरुलाई सुर्तीजन्य पदार्थको प्रयोगबाट बचाउन, धूम्रपान तथा सुर्ती सेवनले आर्थिक, सामाजिक र सांस्कृतिक रुपमा पर्ने नकारात्मक असर, नियन्त्रणका नागरिक समाज र स्थानिय सरकारले गर्नु पर्ने प्रयास , सुर्तीजन्य पदार्थको बिक्रीवितरण र सेवनलाई न्यूनीकरण गर्ने बारेमा उत्पादन, विक्री वितरण तथा सेवन गर्ने कार्यलाई न्यूनीकरण गर्ने बारेमा जानकारी प्रदान गरिएको छ ।

कार्यक्रममा जनस्वास्थ्य अधिकृत रविकान्त मिश्र , स्वास्थ तथा जनसंख्या मन्त्रालयका प्रतिनिधि ,सहायक प्रमुख जिल्ला अधिकारी उपेन्द्र न्यौपाने , जिल्ला स्वास्थ्य कार्यालय प्रमुख , एकडारा गाउँपालिका , महोत्तरी गाउँपालिका ,रामगोपालपुर नगरपालिका , बर्दिवास नगरपालिका , औरही नगरपालिका , भंगहा नगर पालिका र गौशाला नगर पालिकाका स्वास्थ्य शाखाका प्रतिनिधिहरु लगायत संचारकर्मीहरुको सहभागिता रहेको थियो ।

## भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ । धार्मिक यात्राको योग रहेको छ ।

**वृष**- सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ।

**मिथुन**- समय अनुकुल छ । व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ । यात्रा हुने योग छ । अचल सम्पती जोर्न सकिन्छ ।

**कर्कट** - लामो समयपछि र स रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**सिंह** -सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**कन्या** - खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, सचेत एवं सावधान रहनु होला।

**तुला** -समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**वृश्चिक** -अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिँदैन।

**धनु** - अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्।

**मकर** -आर्थिक क्षेत्र सबल र हने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**कुम्भ**-मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । उपहारआदी प्राप्त हुनेछ ।

**मीन** - प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

## ☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| विद्युत कार्यालय | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# निलम्बनमा परेका प्रहरी असई यादव घुमुवा परिचालन

**खबर दर्पण समाचारदाता**

**फागुन ८ गते, बर्दिवास**

नेपाल प्रहरीको केन्द्रीय नेतृत्व र प्रदेश नेतृत्वलाई सूचना नभएर हो वा थाहा भएर पनि ठिकै छ भनेर हो यस्तो सम्म पनि भएको छ कि निलम्बनमा परेका प्रहरी जिल्ला प्रहरी कार्यालयको घुमुवा बनेर व्यापारी र तस्करहरूसंग रकम उठाउने , बार्गेनिङ गर्ने र नदिए उसको सामान समाउने काम भैरहेको छ ।नीति र नियम ,निर्देशन र आदेश नमान्ने अनि संगठनको नेतृत्वको सोझोपनको फाइदा कसरी उठाउने गर्छन् फौजी संगठनमा भन्ने कुरा महोत्तरीमा भैरहेको एक तथ्यले उजागर गरेको छ। निलम्बन भएको व्यक्ति सर्वसाधारण सरह हुन्छ , अनि उसले सामान समाउन पाउने अधिकार कहाँबाट पायो। अनि जिल्ला प्रहरी कार्यालय महोत्तरीको घुमुवा भएर हिड्ने अधिकार उसलाई कसले दियो ।

महोत्तरी जिल्लामा निलम्बनमा परेका असई बच्चा उपनामले चिनिने रामेश्वर प्रसाद यादव अहिले पनि जिल्ला प्रहरी र एसपीको घुमुवा बनेर खुलेयाम हिडिरहेका छन्। एसपी प्रकाश मल्लको विश्वास प्राप्त घुमुवाको रूपमा परिचालित उनले केही दिन अघि सम्सी मटियानी समेतका नाकाहरूबाट काम गर्ने केही व्यापारीहरूको सामान बरामद गरेका थिए ।

उनले तस्करी भएको सूचना दिन सक्छन् जुन काम सर्वसाधारणले गर्न सक्छन्। तर आफैले सामान बरामद गर्न र तस्करहरूसंग जिल्लाको एसपीको घुमुवा भन्दै रकम उठाउने अधिकार कसले दियो ? जिल्लाका प्रहरीहरू नै प्रश्न गर्छन् । बारा जिल्लामा घर भएका निलम्बित असई बच्चा यादव अहिले पनि त्याहां नगई महेन्द्र चोकामा कोठा लिएर बसेका छन्। जागिरमा घुमुवा भए जस्तै अहिले पनि उनको धन्दा यही छ। उनलाई एसपी प्रकाश मल्लको संरक्षण भएको कारण यस्तो कार्य गरि रहेको जिल्लाका सिनियर अधिकृतहरू नै बताउँछन्।

असई यादव सिपाही भए देखि नै बारा र पर्सामा धेरै लामो समयदेखि घुमुवाको रूपमा परिचालित मात्रै होइनन कि ज्यादै बिबादित पनि हुन। कहिले एसपी , कहिले एसएसपी , कहिले डिआइजी त कहिले आइजिपीको घुमुवाको रूपमा समेत उनी परिचालित थिए। सर्वेन्द्र खनाल आइजिपी हुदा यादव सोझै सचिवालयबाट तत्कालीन सइ हाल निरीक्षक केडी शाहको नेतृत्वमा परिचालित थिए ।अब अहिले प्रदेशमा नयाँ डिआइजी यज्ञबिनोद पोखरेल आएका छन् । उनले के गर्छन् मात्रै होइन महोत्तरीमा सरूवा भएर आएका एसपी श्याम कुमार र ईले उनलाई त्यसरी नै परिचालन गर्छन् गर्दैनन् त्यो हेर्न बांकी नै छ। यादव गत मंसिर मा निलम्बनमा परेका हुन ।




प्रहरी जवानलाई गोली लागेर घाइते भएको घटनामा संलग्न असई बच्चा यादव भन्ने रामेश्वर प्रसाद यादव निलम्बित भएका थिए। डाँका समातेको खुसीमा पेस्तोल खेलाउँदा प्रहरी जवान राजेशकुमार साहलाई गोली लागेर घाइते भएको घटनामा उनलाई मधेश प्रदेश प्रहरी कार्यालय जनकपुर ले निलम्बन गरेको हो । उनी महोत्तरीको हलखोरी प्रहरी चौकीका इन्चार्जको रुपमा कार्यरत थिए। असइ यादवलाई प्रदेश प्रहरी प्रमुख डिआइजी जनक भट्टराईले निलम्बन गरेका थिए । कात्तिक ३० गते राति असई यादव डाँका समातेको खुसीमा जिल्ला प्रहरी कार्यालय महोत्तरीमा भएको रात्री भोज खाएर फर्केपछि पेस्तोल खेलाउँदा सेन्टरी बसेका प्रहरी जवान राजेश कुमार घाइते भएका थिए । एक पाखुरामा गोली लागेर घाइते भएका जवानलाई असई यादवले घटना लुकाउन भारत उपचारमा पठाएका थिए ।

भारतीय प्रहरीले थाहा पाएपछि सप्तरी प्रहरीलाई खबर गरेका थिए । घाइते प्रहरी जवानको घर सप्तरी हो। सप्तरी प्रहरीले महोत्तरी प्रहरीलाई जानकारी गराएपछि मात्र यो घटना सतहमा आएको थियो ।

गत कात्तिक २० गते महोत्तरी को जलेश्वर नगरपालिका–८ सानो रतवाराका भुवनेश्वर चौधरीको घरमा हातहतियार सहितको ७/८ जनाको समूहले लुटपाट गरेको थियो । त्यस घटनामा संलग्न रहेको आरोपमा गत कात्तिक २८ गते महोत्तरी प्रहरीले रौतहटबाट सर्लाही लालबन्दी नगरपालिका–२ बस्ने ३२ वर्षीय शक्ति पासवान र ३३ वर्षीय अजय पासवानलाई पक्राउ गरेर ल्याएको थियो । त्यही खुसीमा दुई दिनपछि कात्तिक ३० गते जिल्ला प्रहरी कार्यालय महोत्तरीमा रात्रिभोज आयोजना गरेको थियो। असई यादव पनि डाँका पक्राउ गर्न जाने टोलिमा खटेकाले उनलाई पनि रात्री भोजमा सहभागी गराइएको थियो । चौकीमा फर्केपछि रमाइलो गर्न पेस्तोल खेलाउँदै गर्दा पड्किएर गोली सेन्टरी बसेका जवान साहलाई लागेको थियो ।-मधेशपाटी अनलाइन

## सुशासन कायम गरौं

- सार्वजनिक सेवा प्रवाह गर्दा सम्बन्धित व्यक्ति र निकाय जिम्मेवार बनौं।
- विकास निर्माणका कार्यमा नागरिक निगरानी बढाऔं।
- विकास योजना तर्जुमा, कार्यान्वयन र अनुगमनको प्रकियामा जनसहभागिता जुटाऔं।
- सार्वजनिक सेवालाई सरल, पारदर्शी र जवाफदेही बनाऔं।
- सार्वजनिक सेवा तथा विकास निर्माणबारे सूचनाको हक प्रयोग गरी जानकारी मागौं।

**लक्ष्मीनिया गाउँपालिका, धनुषा**

## सुशासन कायम गरौं

- सार्वजनिक सेवा प्रवाह गर्दा सम्बन्धित व्यक्ति र निकाय जिम्मेवार बनौं।
- विकास निर्माणका कार्यमा नागरिक निगरानी बढाऔं।
- विकास योजना तर्जुमा, कार्यान्वयन र अनुगमनको प्रकियामा जनसहभागिता जुटाऔं।
- सार्वजनिक सेवालाई सरल, पारदर्शी र जवाफदेही बनाऔं।
- सार्वजनिक सेवा तथा विकास निर्माणबारे सूचनाको हक प्रयोग गरी जानकारी मागौं।

**मिथिला नगरपालिका, धनुषा**

## विद्यार्थी चढ्ने सवारी साधन सञ्चालन गर्दा ध्यान दिऔं

- सवारी साधनमा सिटभन्दा बढी विद्यार्थी नराखौं,
- तीव्र गतिमा सवारी साधन नचलाऔं,
- तोकिएको समयमा तोकिएको स्थानमा सवारी साधन पुऱ्याऔं,
- सवारी साधन चलाउनु अगाडि चेक जाँच गरौं,
- तोकिएको स्थानमा मात्र विद्यार्थी चढाउने र ओराल्ने गरौं,
- सुवारी साधन पूर्ण रुपमा रोकिसके पछि मात्र विद्यार्थीहरुलाई चढाऔं र ओरालौं,
- विद्यार्थीहरु सिटमा बसिसके पछिमात्र सवारी साधन गुडाऔं,
- विद्यार्थीहरुले शरिरका अंगहरु सवारी साधन बाहिर निकालेका छन् कि ? ध्यान दिऔं,
- सवारी साधनमा सहचालक अनिवार्य राखौं ।

**नगराईन नगरपालिका, धनुषा**

अनलाइन माध्यमबाट भुक्तानी वा रकम स्थानान्तरण गर्दा सम्भव भएसम्म सार्वजनिक स्थानका निःशुल्क वाईफाई प्रयोग नगरौं।

अनलाइन भुक्तानी गर्दा प्रयोग हुने ओटिपि/पासवर्ड अरुलाई शेयर नगरौं।

सुरक्षित रुपम

**धनुषाधाम नगरपालिका, धनुषा**

# क्षीरेश्वरनाथ नगरपालिकाका बासिन्दालाई जानकी मेडिकल अस्पतालमा उपचार गर्दा २५ प्रतिशत छुट हुने

**खबर दर्पण समाचारदाता**

**फागुन ८ गते, महेन्द्रनगर**

धनुषाको क्षीरेश्वरनाथ नगर पालिकाका बासिन्दालाई जानकी मेडिकल अस्पतालमा उपचार गर्दा २५ प्रतिशत छुट हुने भएको छ।क्षीरेश्वरनाथ नगरपालिकाका नगर प्रमुख सुखदेव यादवको विशेष पहल र श्री राम जानकी हेल्थ फाउन्डेशन प्रा.लि.(जानकी मेडिकल कलेज रमदैया भवाडी)को सहकार्यमा क्षीरेश्वर नाथ नगरपालिका बासिन्दालाई स्वास्थ्य उपचारमा सहुलियत प्रदान गर्ने समझौता भएको छ ।



क्षीरेश्वरनाथ नगरपालिकाका नगर प्रमुखको कार्यकक्षमा मंगलवार दुई पक्षिय सम्झौता भएको छ ।

नगरपालिकाको तर्फबाट नगर प्रमुख यादव र दोस्रो पक्षवाट श्री राम जानकी हेल्थ फाउन्डेशन प्रा.लि.(जानकी मेडिकल कलेज शिक्षण अस्पताल रमदैया भवाडी)का अध्यक्ष ओम प्रकाश पाण्डे विच सम्झौता पत्रमा हस्ताक्षर भएको छ ।

सम्झौता अनुसार क्षीरेश्वरनाथ नगरपालिकाको वडा कार्यालय १ देखि १० सम्मका जुन सुकै नागरिकहरुले स्वास्थ्य उपचार को लागि उक्त स्वास्थ्य संस्थामा जुन सुकै रोगको उपचार गर ाएमा (साधारण तथा जटिल प्रकृतिको रोग सवै तथा उपचार गराउँदा हुने टेष्ट (ब्लड टेष्ट, एक्सरे, इसिजि, अल्ट्रासाउण्ड, आदि जुन सुकै टेष्ट) गराएमा उपचार खर्च तथा टेष्ट गराउँदा लाग्ने खर्चमा २५ प्रतिशत छुट, औषधी खरिदमा १० प्रतिशत छुट दिने लगायतको सम्झौता भएको छ ।

जानकी मेडिकल कलेज शिक्षण अस्पताल रमदैया भवाडीको तर्फबाट साक्षी ईमर्जेन्सी विभागका प्रध्यापक धर्मदत्त सुवेदी र क्षिरेश्वरनाथ नगर पालिकाको तर्फबाट साक्षी स्वास्थ्य संयोजक राम वहादुर यादव लगायतको साक्षी राखी भएको सम्झौताको अवधि २०८० फाल्गुन १ गते देखि २०८२ अषाढ सम्म रहने उल्लेख गरिएको छ ।

जानकी मेडिकल कलेज शिक्षण अस्पताल रमदैया भवाडी विरामीलाई सहज गर्दै तरापटी, सिरसिया, धनुषाधाम, पर्वता, नौसय लगायतको क्षेत्रमा निःशुल्क यातायातको सुविधा गरेको छ भने साप्ताहिक रुपमा मधेश प्रदेशको विभिन्न जिल्लाहरुमा निःशुल्क स्वास्थ्य शिविर र निःशुल्क औषधी वितरणको कार्यक्रम गर्दै आएको जानकी मेडिकलले जनकारी दिएका छन् ।

# क्षीरेश्वरनाथमा फाल्गुण १३ देखि २१ गते सम्म दादुरा रुवेला खोप अभियान संचालन गरिने



**खबर दर्पण समाचारदाता**

**फागुन ८ गते, महेन्द्रनगर**

धनुषाको क्षीरेश्वरनाथ नगर पालिका स्वास्थ्य शाखाको आयोजनामा नगर स्तरिय दादुर ा रुवेला खोप अभियान सम्वन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ।

क्षीरेश्वरनाथ नगरपालिकाका नगर प्रमुख सुखदेव यादवको अध्यक्षतामा भएको अभिमुखिकर ण कार्यक्रममा यही फाल्गुण १३ देखि २१ गते सम्म अभियान संचालन गरी ९ महिना देखि १५ वर्ष सम्मका वालवालिकालाई दादुर ा रुवेला विरुद्धको खोप लगाइने जानकारी गराइएको छ।

नगरपालिकाको सभा हलमा संचालित अभिमुखिकरण कार्यक्रममा वडा नम्बर १ का अध्यक्ष मकेश्वर यादव, २ का अध्यक्ष देवु यादव, वडा नम्बर ५ का अध्यक्ष जिवछ मण्डल, वडा नम्बर ६ का अध्यक्ष विनोद गुप्ता, वडा नम्बर ७ का अध्यक्ष मुवारक कवारी, वडा नम्बर ८ का अध्यक्ष मोद कुमार महतो, वडा नम्बर ९ का अध्यक्ष अवध किशोर यादव, स्वास्थ्य शाखा प्रमुख, विभिन्न विद्यालयका प्रधानध्यापक, स्वास्थ्यकर्मी लगायतको उपस्थिती रहेको थियो । अभिमुखिकरण कार्यक्रममा उपस्थित खोप अधिकृत राजदेव यादव स्वास्थ्यमा नेपालका र पालिकाको अवस्था वारे जानकारी दिएका थिए ।

कार्यक्रममा उस्थित नगर प्रमुख, विभिन्न वडाका वडाअध्यक्ष, स्वास्थ्य शाखा प्रमुख, स्वास्थ्यकर्मीहरु आ-आफनो तर्फबाट खोप अभियानमा सक्दो सहयोग गर्ने प्रतिवद्धता जनाएका थिए ।


# विदेह नगरपालिका

**नगरकार्यपालिकाको कार्यालय**
**तिनकौरिया, धनुषा**
**मधेस प्रदेश , नेपाल**

## दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/११/०९

यस कार्यालयवाट चालु आ.व.०८०।०८१ मा तपशिलमा उल्लेखित खरिद कार्य ठेक्काबाट गराउनु पर्ने भएकाले नेपाल सरकारबाट ईजाजत पत्र प्राप्त योग्य फर्म सप्लायर्सहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको शिलबन्दि दरभाउपत्र आव्हान गरिएको छ ।

**शर्तहरु**

१. दरभाउपत्र फाराम प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) औं दिन भित्र यस कार्यालयको एन आई सी एसिया बैंक तिनकौरिया शाखामा रहेको खाता नं. D5CA052419752406 मा रु. १०००/- (रु. एक हजार, पछि फिर्ता नहुने गरी ) जम्मा गरेको सक्कल भौचर वा नगदै बुझाई नगदी रसिद साथ नविकरण भएको व्यवसायी इजाजत पत्र तथा स्थायी लेखा नम्बर (PAN) र भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि, आ.ब. ०७९।०८०सम्मको कर चुक्ता प्रमाणपत्र को प्रतिलिपि निवेदन साथ पेश गरी कार्यालय समय भित्र खरिद गर्न सकिने छ ।
२. रितपूर्वक भरिएको दरभाउपत्र फाराम प्रथम पटक सुचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिन दिनको १२.०० बजे सम्ममा यस कार्यालयमा दर्ता गरि सक्नु पर्नेछ साथै सोही दिनको २.०० बजे यस कार्यालयमा दरभाउपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा दरभाउपत्र खोलिनेछ , दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।
३. दरभाउपत्र साथ तपशिलमा उल्लेखित धरौटी वापतको रकम यस कार्यालको एन आई सी एसिया बैंक तिनकौरिया शाखामारहेको धरौटी खाता नं. D5CA052419752403 मा नगद जम्मा गरेको सक्कल भौचर वा सो रकम बरावरको नेपाल सरकारको मान्यता प्राप्त बैंकहरु (बिडबण्ड जारी गर्न सक्ने अधिकार प्राप्त बैंक) बाट घटिमा तिन महिनाको म्याद भएको सक्कल बिडबँण्ड (Bid Security) पेश गर्नु पर्ने छ ।
४. दरभाउपत्रमा दररेट उल्लेख गर्दा Bill Of Quantity को प्रत्येक Item को अंक र अक्षर दुवैमा स्पष्ट भर्नु पर्नेछ । केरमेट भई अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।
५. ५. दररेट भर्दा मूल्य अभिवृद्धि कर बाहेकको दररेट भर्नु पर्नेछ ।
६. दरभाउपत्र दाखिला गर्दा शिलबन्दी खामको बाहिर यस कार्यालयको नाम, ठेक्का नं., कामको विवरण, दरभाउपत्र दाताको नाम, ठेगाना आदी स्पष्ट रुपमा खुलाउनु पर्नेछ।
७. दरभाउपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा क्रमशः कार्यालय खुलेको पहिलो दिनको सोही समय कायम हुनेछ ।
८. एक फर्मको नामबाट खरिद भएको दरभाउपत्र अर्को फर्मको नामबाट दर्ता गर्न पाईने छैन ।
९. रित नपुगी शर्त राखी वा म्याद नाघी आएको दरभाउपत्र माथि कार्यवाही हुने छैन ।
१०. दरभाउपत्र आंशिक रुपमा वा पूर्ण रुपमा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।
११. सुचनामा उल्लेख भएकोमा सोही वमोजिम र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार हुनेछ ।

| सि.नं. | ठे.नं. | ठेक्काको किसिम | कामको विवरण | ल.ई. रकम (भ्याट र कन्टिन्जेन्सी बाहेक) | धरौटी रकम रु. |
|---|---|---|---|---|---|
| १. | २/२०८०/२०८१ | दरभाउ पत्र | आवश्यकता अनुसार नगर भित्र ह्युम पाईप जडान | १७६८,३६६।०० | ५०,०००।०० |

प्रमुख प्रसासकिय अधिकृत


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा